# नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण
# उच्चस्तरीय समन्वय समिति

**बैठक संख्या : १७**

**मिति : २०७६।१२।२३ गते बिहिबार**

**समय : अपरान्ह ५:०० बजे**

नेपाल सरकार मन्त्रिपरिषद्‌को मिति २०७६/११/१८ को निर्णयबाट माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूको संयोजकत्वमा गठित **"नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति"** को बैठक देहायका माननीय मन्त्रीज्यू तथा उच्च पदाधिकारीहरुको उपस्थितिमा बसी देहायबमोजिम निर्णयहरु गरियो।

<u>उपस्थितिः</u>

| | |
|---|---|
| १. माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेल | संयोजक |
| २. माननीय गृहमन्त्री श्री रामबहादुर थापा | सदस्य |
| ३. माननीय परराष्ट्रमन्त्री श्री प्रदीपकुमार ज्ञवाली | सदस्य |
| ४. माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री श्री गिरिराजमणि पोखरेल | सदस्य |
| ५. माननीय कृषि तथा पशुपन्छी विकासमन्त्री श्री घनश्याम भुषाल | सदस्य |
| ६. माननीय स्वास्थ्य तथा जनसंख्यामन्त्री श्री भानुभक्त ढकाल | सदस्य |
| ७. माननीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री श्री लेखराज भट्ट | सदस्य |
| ८. माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री श्री योगेशकुमार भट्टराई | सदस्य |
| ९. माननीय अर्थ र संचार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडा | सदस्य |
| १०. उपाध्यक्ष, राष्ट्रिय योजना आयोग, प्रा.डा.पुष्पराज कँडेल | सदस्य |
| ११. मुख्य सचिव श्री लोकदर्शन रेग्मी, नेपाल सरकार | सदस्य |
| १२. सचिव श्री नारायणप्रसाद विडारी, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्‌को कार्यालय | सदस्य सचिव |

<u>विशेष आमन्त्रितः</u>

माननीय भौतिक पूर्वाधार तथा यातायात र शहरी विकासमन्त्री श्री वसन्तकुमार नेम्बाङ्ग

<u>आमन्त्रितः</u>

१. सचिव श्री लक्ष्मण अर्याल - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

२. सचिव श्री शंकरदास बैरागी - परराष्ट्र मन्त्रालय

३. सचिव श्री महेश्वर न्यौपाने - गृह मन्त्रालय

४. सचिव महेन्द्र प्रसाद गुरागाई

माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूको अध्यक्षतामा नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको आज मिति २०७६ चैत २३ गते बसेको १७ औं बैठकमा देहाय बमोजिम निर्णय गरियो;

१. कोभिड-१९ संक्रमणको बढी जोखिम देखिएका कैलाली, कंचनपुर, डोटी, अछाम,जुम्ला र बाग्लुङ्ग जिल्लामा तत्काले Rapid Test को कार्यलाई अगाडि बढाउने र संक्रमणको सन्देह देखिएका स्थानहरुमा बिस्तृत परीक्षण गर्ने ब्यबस्थालाई बृहत रुपमा अगाडि बढाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तत्कालै ब्यबस्था मिलाउने ।

२. सबै जिल्लामा कोभिड-१९ रोगवाट संक्रमित बिरामीहरुको Received, Transfered, Treatment and Management को काम निर्धारित मापदण्ड अनुसार गर्ने गराउन नेपाली सेनाको अगुवाईमा अन्य सरोकारका पक्षहरु समेतको सहयोग र समन्वयमा प्रभावकारी रुपले स्थानीय प्रशासनद्वारा संचालन तथा सम्पादन गर्ने।

३. संघीय सरकारले तयार गरी पठाए अनुसारको स्वीकृत क्वारेन्टाइन मापदण्ड बमोजिम स्थानीय तहहरुले स्थानीय प्रशासनको सहयोगमा क्वारेन्टाईन ब्यबस्थापनको कार्य थप प्रभावकारी बनाउने।

४. स्थानीयतहहरुमा रहेका सबै महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई COVID-19 को रोकथाम तथा नियन्त्रणको कार्यमा परिचालन गर्ने।यस कार्यमा खटिदा सम्पादन गर्ने कार्य र प्राप्त गर्ने सेवा सुबिधाको सम्बन्धमा कार्यबिधि तथा मापदण्ड स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गृह मन्त्रालयसंग समन्वय गरी तयार गर्ने।उक्त कार्यबिधि तथा मापदण्ड कार्यान्वयनका लागि स्थानीयतहरुमा पठाउने।

५. स्थानीयतहहरुले वडाका टोल टोलहरुमा राहत प्राप्तिकर्ताहरुको सानो सानो समुह बनाई बितरण गर्ने ब्यक्तिहरुको समेत सानो संख्या कायम गरी राहत बितरणको कार्यलाई व्यवस्थित गर्ने।

२०७६।१२।२२

सचिव

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री